संघीय संसद

प्रतिनिधि सभा

# उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति

मिति: २०८१/१/३१, बैठक संख्या: ३२

## छलफल/निर्णय

समितिको आजको बैठकमा Salt Trading Corporation Limited को हालसम्मको कामकारबाहरु र भावी कार्ययोजना सम्बन्धमा मा. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, वाणिज्य तथा आपूर्ति सचिव र लिमिटेडका पदाधिकारीहरूको उपस्थितिमा छलफल भयो। छलफलको क्रममा उठेका विषय र निर्णयहरू देहाय बमोजिम रहेको छः-

१. मानव जातिकै प्रमुख खाद्य पदार्थको रुपमा रहेको नुनको आपूर्ति नेपालको सुगम क्षेत्रमा केही सहज भएतापनि दुर्गम जिल्लाका पालिकाहरूमा अझ पनि अभाव रहेको हुनाले सबै पालिकाहरूमा सुलभ रुपमा नुनको उपलब्धता गराउन, साथै पशुहरूको लागि आवश्यक ढिक्के नुनको आपूर्ति मुलुक भरी मिलाउनका लागि नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,

२. Salt Trading Corporation Limited बाट आपूर्ति हुने गरेको रसायनिक मल, चिनी लगायतका खाद्यवस्तुहरूमा गुणस्तर कायम गर्दै ती वस्तुहरूको कालोबजारी, कृतिम अभावको अन्त्य गर्दै आमउपभोक्ताबीच ती बस्तुहरूको सरल आपूर्तिको व्यवस्था मिलाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,

३. Salt Trading Corporation Limited सँग सम्बन्धित नीतिगत तथा कार्यगत समस्याहरूको समाधान गरी सहज रुपमा सञ्चालन गर्न आवश्यक मिलाउन नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिने,

४. Salt Trading Corporation Limited बाट संचलान भएका सम्पूर्ण उद्योगहरूको अवस्थाहरूको जानकारी माग गर्ने साथै, दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नुनको ढुवानी/ आपूर्तिको आ.व. २०७९/८० देखि चालु आ.व.को हालसम्मको विवरण माग गर्ने,

५. समितिमा प्राप्त भएका उजुरीहरूको व्यवस्थापन तथा समितिको कामकारबाहीलाई थप सहजीकरण गर्न देहाय बमोजिमको सदस्य रहने गरी उजुरी सुनुवाई तथा कार्यसम्पादन सहजीकरण उपसमिति गठन गर्ने:

- मा. अब्दुल खान — संयोजक
- मा. गणेश पराजुली — सदस्य
- मा. कृष्ण कुमार श्रेष्ठ — सदस्य
- मा. रमा कोइराला पौड्याल — सदस्य
- मा. रेखा यादव — सदस्य
- मा. सूर्यमान तामाङ (दोङ) — सदस्य
- मा. हेमराज राई — सदस्य

६. समितिको अर्को बैठक सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो।

| | |
|---|---|
| ................. | ..................... |
| (रामकुमार पौडेल) | (मा. अब्दुल खांन) |
| समिति सचिव | सभापति |